# <u>गण्डकी विश्वविद्यालयको उपकुलपति सिफारिस सम्बन्धी कार्यविधि, २०८२</u>

स्वीकृत मितिः *२०८२/०८/२८*

**प्रस्तावनाः** गण्डकी विश्वविद्यालय ऐन, २०७६ को दफा २५ को उपदफा (४) बमोजिमको उपकुलपति नियुक्तिलाई पारदर्शी एवम् निष्पक्ष रुपमा खुल्ला प्रतिस्पर्धाको माध्यमबाट उच्च प्राज्ञिक योग्यता एवम् क्षमता भएको उम्मेदवार सिफारिसका लागि कार्यविधिगत व्यवस्था गर्न वाञ्छनीय भएकोले,

गण्डकी विश्वविद्यालय ऐन, २०७६ को दफा २५ को उपदफा (३) बमोजिम गठित उपकुलपति सिफारिस समितिले ऐ. ऐनको दफा २५ को उपदफा (४) मा अन्तरनिहित अधिकारको प्रयोग गरी देहायको कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस कार्यविधिको नाम "गण्डकी विश्वविद्यालय उपकुलपति सिफारिस कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि सिफारिस समितिले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "ऐन" भन्नाले गण्डकी विश्वविद्यालय ऐन, २०७६ सम्झनु पर्छ ।

(ख) "अध्यक्ष" भन्नाले न्यासिक परिषद (बोर्ड अफ ट्रस्टीज) को अध्यक्ष सम्झनु पर्छ ।

(ग) "उपकुलपति" भन्नाले ऐनको दफा २५ को उपदफा (६) बमोजिम नियुक्त उपकुलपति सम्झनु पर्छ।

(घ) "नियमावली" भन्नाले गण्डकी विश्वविद्यालय ऐन, २०७६ बमोजिम बनेका नियमावलीहरु सम्झनु पर्छ ।

(ङ) "न्यासिक परिषद्" भन्नाले ऐनको दफा ७ बमोजिम गठित न्यासिक परिषद् सम्झनु पर्छ।

(च) "मुख्यमन्त्री" भन्नाले गण्डकी प्रदेशको मुख्यमन्त्री सम्झनु पर्छ ।

(छ) "विश्वविद्यालय" भन्नाले ऐनको दफा ३ बमोजिम गठित गण्डकी विश्वविद्यालय सम्झनु पर्छ।

(ज) "समिति" भन्नाले ऐनको दफा २५ को उपदफा (३) बमोजिम गठित उपकुलपति सिफारिस समिति सम्झनु पर्छ।

(झ) "संयोजक" भन्नाले सिफारिस समितिको संयोजक सम्झनु पर्छ।

## परिच्छेद - २

## <u>उपकुलपति पदमा नियुक्तिको लागि सिफारिस गर्ने कार्यविधि</u>

३. **<u>बैठक सम्बन्धी कार्यविधि</u>** : (१) सिफारिस समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठकको गणपुरक संख्याको लागि समितिको संयोजक र कम्तीमा एकजना सदस्य उपस्थित भएको हुनु पर्नेछ ।

(४) समितिले बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(५) समितिको निर्णय सर्वसम्मतिमा हुनेछ र सर्वसम्मत हुन नसकेमा संयोजक सहितको बहुमतले गरेको निर्णय नै समितिको निर्णय हुनेछ ।

(६) समितिको निर्णय संयोजकको हस्ताक्षरपछि प्रमाणित भएको मानिनेछ ।

४. **आवश्यक न्यूनतम योग्यता** : उपकुलपति नियुक्तिको लागि उम्मेदवारको न्यूनतम योग्यता देहाय बमोजिम हुनेछ :-

(क) नेपाली नागरिक,

(ख) मान्यता प्राप्त विश्वविद्यालयवाट कम्तीमा विद्यावारिधी उपाधि प्राप्त गरेको,

(ग) प्राज्ञिक क्षेत्रमा कम्तीमा आठ वर्षको अनुभव हासिल गरेको,

(घ) प्रचलित कानून बमोजिम सार्वजनिक पदमा नियुक्तिको लागि अयोग्य नरहेको,

(ङ) विश्वविद्यालयसँग कुनै स्वार्थ नबाझिएको,

(च) दरखास्त दिने अन्तिम मितिसम्म चालिस वर्ष उमेर पूरा भएको ।

५. **सूचना प्रकाशन गर्ने** : (१) उपकुलपति नियुक्तिको लागि इच्छुक योग्य व्यक्तिले समितिको सचिवालयमा दरखास्त दिन पाउने गरी राष्ट्रिय दैनिक पत्रिका र विश्वविद्यालयको वेवसाइटमा पन्ध्र दिनको समय दिई सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्धारित समयावधिभित्र तीन जनाभन्दा कम व्यक्तिको दरखास्त पेश हुन आएमा सो दरखास्त कायमै राखी दरखास्त पेश गर्न पाँच दिनको समयावधि थप गरी पुनः सूचना प्रकाशन गर्नु पर्नेछ ।

(३) समितिले उपदफा (१) बमोजिमको अवधिमा पेश हुन आएका दरखास्त र उपदफा (२) बमोजिम म्याद थप भएको अवस्थामा त्यस्तो अवधिमा प्राप्त हुन आएका दरखास्तलाई मूल्याङ्कन प्रक्रियामा समावेश गर्नु पर्नेछ ।

६. **दरखास्त साथ पेश गर्नु पर्ने कागजात** : (१) ईच्छुक उम्मेदवारले अनुसूची-१ बमोजिमको ढाँचामा दरखास्त साथ देहायका विवरण तथा कागजातहरु आफैंले प्रमाणित गरी पेश गर्नुपर्नेछ :-

(क) अनुसूची-१ बमोजिमको ढाँचामा भरिएको दरखास्त,

(ख) विश्वविद्यालयको खातामा आवेदन दस्तुर वापत रु. ३०००।- जम्मा गरेको भौचर,

(ग) नेपाली नागरिकताको प्रतिलिपि,

(घ) विद्यावारिधी र स्नातकोत्तर तहको शैक्षिक उपाधिको प्रमाणपत्रको प्रतिलिपि, (विदेशी विश्वविद्यालयबाट शैक्षिक उपाधि हासिल गरेको हकमा समकक्षताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।)

(ङ) प्राज्ञिक क्षेत्रमा कम्तीमा ८ वर्षको अनुभव हासिल गरेको प्रमाणपत्रको प्रतिलिपि,

(च) प्राज्ञिक क्षेत्रमा पुस्तक लेखी प्रकाशन गरेको भए सोको प्रति,

(छ) पदाधिकारीको पदमा स्वदेशी वा विदेशी विश्वविद्यालय वा सो सरहका उच्च शैक्षिक संस्था वा निकायको अनुभव हासिल गरेको भए सो खुलेको विवरण तथा प्रमाणको प्रतिलिपि,

(ज) समकक्ष समिक्षित जर्नल (Peer-Reviewed Journal) तथा Ranked Journal मा प्राज्ञिक क्षेत्रमा अनुसन्धानमूलक लेख प्रकाशन गरेको भए सोको प्रतिलिपि,

(झ) प्राज्ञिक क्षेत्रमा अन्य अनुसन्धानमुलक लेख प्रकाशन गरेको भए सो को प्रमाण,

(ञ) प्राज्ञिक अनुसन्धानमूलक परियोजनाहरु सफलतापूर्वक सम्पन्न गरेको भए सोको विवरण तथा प्रमाणको प्रतिलिपि,

(ट) तीन हजार देखि पाँच हजार शब्दसम्मको मुद्रित (Hard copy) विश्वविद्यालय सुधार सम्बन्धी सोचपत्र (Vision paper) र विश्वविद्यालयको लागि उपकुलपतिको पदावधिको पाँच वर्षे रणनीतिक योजना (Five Years Strategic Plan) ।

(ठ) प्रचलित कानून बमोजिम सार्वजनिक पदमा नियुक्तिका लागि अयोग्य नभएको र नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहने स्वघोषणा पत्र,

(ड) विश्वविद्यालयसँग कुनै स्वार्थ नबाझिएको (Conflict of Interest) व्यहोरा खुलेको स्वघोषणा पत्र र

(ढ) हाल सालैको व्यक्तिगत विवरण (Curriculum Vitae) ।

(२) उपदफा (१) को खण्ड (ट) बमोजिमको विश्वविद्यालय सुधारको सोचपत्र र पाँच वर्षे रणनीतिक योजना अङग्रेजीमा भए Times New Roman १२ Font Size र नेपालीमा भए प्रिती वा युनिकोडमा क्रमशः १४ वा १२ फन्ट साइजमा तयार गरी कभर पेजमा आफ्नो विवरण खुलाई सो बाहेक सुरुदेखि अन्त्यसम्मका पृष्ठमा आवेदक पहिचान हुने कुनै प्रकारको सङ्केत वा चिन्ह नरहने गरी छुट्टा-छुट्टै शिलबन्दी गरी पेश गर्नु पर्नेछ ।

७. **<u>दरखास्त स्वीकृति वा रद्द गर्न सक्ने</u>** : (१) दफा (६) बमोजिम आवश्यक कागजात संलग्न गरी प्राप्त भएका दरखास्त स्वीकृत गरी उम्मेदवारलाई मूल्याङ्कन र छनोट प्रक्रियाका लागि सूचीकृत गर्नु पर्नेछ।

(२) तोकिएका न्यूनतम योग्यता पूरा नगरेको वा गलत तथा झुट्टा कागजात पेश गरेको पाइएमा समितिले जुनसुकै बखत त्यस्तो उम्मेदवारको दरखास्त रद्द गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम दरखास्त स्वीकृत भएका उम्मेदवारहरुको नाम विश्वविद्यालयको वेवसाइटमा प्रकाशन गर्नु पर्नेछ ।

८. **<u>मूल्याङ्कन र छनोट विधि</u>** : (१) समितिले दफा ७ बमोजिम मूल्याङ्कन र छनोट प्रक्रियाका लागि सूचिकृत भएका उम्मेदवारलाई मूल्याङ्कनको सबै चरणमा समावेश गराउनु पर्नेछ ।

(२) समितिले उम्मेदवारबाट दरखास्तसाथ पेश हुन आएका प्राज्ञिक क्षेत्रमा अनुभवको प्रमाण, पुस्तक तथा लेख प्रकाशनको प्रति, सोचपत्र तथा रणनीतिक योजनाको मूल्याङ्कन र उम्मेदवारले गरेका प्रस्तुतीकरण तथा अन्तर्वार्ताको मूल्याङ्कनका आधारमा उच्चतम अङ्क प्राप्त गर्ने तीन जना उम्मेदवार छनोट गर्नु पर्नेछ ।

(३) मूल्याङ्कन तथा छनोट अनुसूची-२ बमोजिम देहायका आधारमा जम्मा एक सय पूर्णाङ्कलाई आधार बनाई गर्नु पर्नेछ ।

(क) प्राज्ञिक क्षेत्रमा हासिल गरेको अनुभव, पुस्तक तथा लेख प्रकाशन,

१. पदाधिकारीको पदमा स्वदेशी तथा विदेशी विश्वविद्यालय वा सो सरहका उच्च शैक्षिक संस्था वा निकायहरुको अनुभव,

२. प्राज्ञिक क्षेत्रमा पुस्तक प्रकाशन,

३. समकक्ष समिक्षित जर्नल (Peer-Reviewed Journal) र Ranked Journal मा प्रकाशित अनुसन्धानमुलक लेख,

४. प्राज्ञिक क्षेत्रमा लेख प्रकाशन,

५. सम्पन्न गरिएका प्राज्ञिक अनुसन्धानमूलक परियोजनामा संलग्नता ।

(ख) सोचपत्र (Vision Paper) तथा रणनीतिक योजना (Strategic Plan) :

१. विश्वविद्यालयको सुधार सम्बन्धी सोचपत्र (Vision Paper),

२. विश्वविद्यालयको पाँच वर्षे रणनीतिक योजना (Strategic Plan)।

(ग) प्रस्तुतीकरण र अन्तर्वार्ता :

१. सोचपत्र र रणनीतिक योजनाको प्रस्तुतीकरण,

२. अन्तर्वार्ता ।

९. **प्राज्ञिक क्षेत्रमा अनुभव, पुस्तक तथा लेख प्रकाशनको मूल्याङ्कन** : (१) सूचीकृत उम्मेदवारबाट दरखास्तसाथ पेश हुन आएका सो सँग सम्बन्धित कागजात राखिएको शिलबन्दी खाम खोली दफा ८ को उपदफा (३) को खण्ड (क) मा उल्लिखित आधारहरुमा निजले प्राज्ञिक क्षेत्रमा हासिल गरेको अनुभव, पुस्तक तथा लेख प्रकाशनको मूल्याङ्कन अनुसूची-२ को खण्ड (क) व्यवस्था भए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम मूल्याङ्कन गरी अङ्क चढाएको फाराममा सम्बन्धित उम्मेदवारको कोड उल्लेख गरी सो फारामलाई खाममा शिलबन्दी गरेर समितिको सचिवालयमा गोप्य रुपमा राख्नु पर्नेछ ।

१०. **सोचपत्र (Vision Paper) तथा रणनीतिक योजना (Strategic Plan) को मूल्याङ्कन** : (१) सुचीकृत उम्मेदवारबाट दरखास्तसाथ पेश हुन आएका सो सँग सम्बन्धित कागजात राखिएको शिलबन्दी खाममा कोडिङ गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कोडिङ गरिएको खामको अगाडिको नाम र रोल नम्बर खुलाएको पाना सो खामबाट अलग्याई आवेदकको पहिचान नखुल्ने गरी छुट्टै शिलबन्दी गर्नु पर्नेछ । यसरी कोडिङ गरिएको सोचपत्र र रणनीतिक योजनाको शिलबन्दी खाम र शिलबन्दी एवं कोडिङ गरिएको उम्मेदवारको पहिचान खुल्ने खामलाई समितिको सचिवालयमा गोप्य रुपमा राख्नु पर्नेछ ।

(३) समितिले सम्बन्धित विषयमा विद्यावारिधिको शैक्षिक उपाधि प्राप्त गरी प्राज्ञिक क्षेत्रमा कार्य गरेका दुई जना अलग अलग अनुभवी विषय विज्ञलाई मनोनयन गरी ती विज्ञबाट सोचपत्र र रणनीतिक योजनाको मूल्याङ्कन गराउनु पर्नेछ । यसरी दुई जना विज्ञबाट प्राप्त हुन आएको प्राप्ताङ्कलाई नतिजा तयार गर्ने समयमा औषत निकाली गणना गर्नु पर्नेछ ।

(४) सोचपत्र र रणनीतिक योजनाको मूल्याङ्कनको ढाँचा अनुसूची-२ को खण्ड (ख) र अनुसूची-३ को खण्ड (क) र खण्ड (ख) मा व्यवस्था भए बमोजिम हुनेछ ।

(५) यस दफा बमोजिम विज्ञबाट सोचपत्र र रणनीतिक योजनाको मूल्याङ्कन गराई अङ्क चढाएको फाराममा सम्बन्धित उम्मेदवारको कोड उल्लेख गरी सो फारामलाई अलग अलग खाममा शिलबन्दी गरी समितिको सचिवालयमा गोप्य रुपमा राख्नु पर्नेछ ।

११. **प्रस्तुतीकरण तथा अन्तर्वार्ताको मूल्याङ्कन** : (१) दफा ७ को उपदफा (१) बमोजिम सुचीकृत भएका उम्मेदवारलाई कम्तीमा सात दिनको समय दिई मिति, समय र स्थान खुलाई विश्वविद्यालयमार्फत् सार्वजनिक सूचना प्रकाशन गरी प्रस्तुतीकरण र अन्तर्वार्ताका लागि भौतिक रुपमा उपस्थित हुन जानकारी दिनु पर्नेछ ।

(२) किरिया बस्नु परेको वा बिरामी भई अस्पताल भर्ना भएको वा सुत्केरी भएको कारण निर्धारित मिति र समयमा प्रस्तुतीकरण तथा अन्तर्वार्तामा उपस्थित हुन नसक्ने भएमा प्रस्तुतीकरण तथा अन्तर्वार्ता हुनुभन्दा अगावै सम्बन्धित उम्मेदवारले समिति समक्ष निवेदन दिन सक्नेछ ।

(३) उपदफा (२) को अवस्थामा समितिले निवेदन प्राप्त गरेको मितिले पन्ध्र दिनभित्र प्रस्तुतीकरण तथा अन्तर्वार्ताको लागि समय निर्धारण गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिमको अवस्थामा बाहेक उम्मेदवारलाई प्रस्तुतीकरण तथा अन्तर्वार्ताको लागि विशेष समय उपलब्ध गराइने छैन ।

(५) प्रस्तुतीकरण तथा अन्तर्वार्ताको लागि निर्धारित पूर्णाङ्कको सत्तरी प्रतिशत भन्दा बढी र चालिस प्रतिशत भन्दा कम अङ्क प्रदान गर्दा सोको कारण मूल्याङ्कनकर्ताले खुलाउनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम भएको मूल्याङ्कनमा बहुमत मूल्याङ्कनकर्ताले बढी वा घटी अङ्क दिएको अवस्थामा मात्र त्यस्तो अङ्क गणना हुनेछ । अन्यथा सत्तरी प्रतिशत भन्दा बढी अङ्क दिएकोमा सत्तरी प्रतिशत र चालिस प्रतिशत भन्दा कम अङ्क दिएकोमा चालिस प्रतिशत अङ्क कायम गर्नु पर्नेछ ।

(७) अन्तर्वार्ताकारले प्रदान गरेको अङ्कको औसत अङ्क कायम गरी प्राप्ताङ्क कायम हुनेछ। औसत अङ्क दफा १४ बमोजिम नतिजा तयारीको समयमा मात्र गणना गर्नु पर्नेछ ।

(८) प्रस्तुतीकरणको मूल्याङ्कन सम्बन्धी अङ्क प्रदान गर्ने ढाँचा अनुसूची-२ को खण्ड (ग) (१) र अनुसूची-४ मा व्यवस्था भए बमोजिम र अन्तर्वार्ताकारले प्रदान गर्ने अङ्कको ढाँचा अनुसूची-२ को खण्ड (ग) (२) तथा अनुसूची-५ मा व्यवस्था भए बमोजिम हुनेछ ।

(९) प्रस्तुतीकरण र अन्तर्वार्ता सम्पन्न भए पश्चात् उम्मेदवारको प्राप्ताङ्क भरिएको फारामलाई खाममा शिलबन्दी गरी समितिको सचिवालयमा गोप्य रुपमा राख्नु पर्नेछ ।

१२. **सेवा लिन सक्ने** : (१) समितिले आवश्यक ठानेमा प्रस्तुतीकरणको मूल्याङ्कन तथा अन्तर्वार्ताका लागि विज्ञको सेवा लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सेवाको लागि विज्ञको रुपमा आमन्त्रण हुने व्यक्ति विद्यावारिधिको शैक्षिक उपाधि प्राप्त गरी प्राज्ञिक क्षेत्रमा कार्य गरेको अनुभवी व्यक्ति हुनु पर्नेछ ।

(३) समितिको व्यवस्थापकीय काम कारवाही सहजीकरणका लागि समितिले विश्वविद्यालय र अन्य कार्यालयका कर्मचारीको सहयोग लिन सक्नेछ ।

१३. **मूल्याङ्कन र छनोट प्रक्रियामा समावेश हुन नहुने** : (१) समितिका कुनै सदस्य वा कुनै विज्ञका नजिकका नातेदारले उपकुलपतिको पदमा दरखास्त पेश गरेको अवस्थामा त्यस्तो सदस्य वा विज्ञ मूल्याङ्कन प्रक्रियामा सहभागी हुनु हुँदैन ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी आएमा समितिबाट व्यवस्था भए बमोजिम हुनेछ।

१४. **नतिजा तयारी गर्नुपर्ने** : (१) प्रस्तुतीकरण र अन्तर्वार्ता सम्पन्न भए पश्चात प्राज्ञिक क्षेत्रमा हासिल गरेको अनुभव, पुस्तक तथा लेख प्रकाशनको मूल्याङ्कन, सोचपत्र तथा रणनीतिक योजनाको मूल्याङ्कन र उम्मेदवारले गरेका प्रस्तुतीकरण तथा अन्तर्वार्ताको मूल्याङ्कनबाट शिलबन्दी एवं कोडिङ गरी

राखिएका सबै खामहरुलाई खोली मूल्याङ्कनका सबै चरणमा सहभागी उम्मेदवारहरुको कोड नम्बरका आधारमा प्राप्ताङ्कको योगफल निकाली उम्मेदवारको कूल प्राप्ताङ्क कायम गर्नु पर्नेछ ।

(२) मूल्याङ्कनका सबै चरणमा सहभागी उम्मेदवारहरुको कोड नम्बरसँग छुट्टै शिलबन्दी एवं कोडिङ गरी राखिएको पहिचान खुल्ने खाम खोली डिकोडिङ गर्नु पर्नेछ । यसरी डिकोडिङ गरेपछि मूल्याङ्कनका सबै चरणमा सहभागी उम्मेदवारहरुले प्राप्त गरेको अधिकतम देखि न्यूनतम अङ्कका आधारमा योग्यताक्रमसहितको नतिजा सूची तयार गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको नतिजा सूचीमा अधिकतम अङ्क प्राप्त गर्ने तीन जना उम्मेदवारलाई योग्यताक्रमका आधारमा सो नतिजा सूचीलाई सिफारिस प्रयोजनका लागि पुनः खाममा शिलबन्दी गरी राख्नु पर्नेछ ।

१५. **<u>नाम सिफारिस गर्नुपर्ने</u>** : समितिले दफा १४ को उपदफा (३) बमोजिम नतिजा सूचीको प्राप्ताङ्कको आधारमा योग्यताक्रम अनुसार अधिकतम अङ्क प्राप्त गर्ने तीन जना उम्मेदवारको नाम, उपकुलपति सिफारिस गर्दा अपनाइएको कार्यप्रक्रिया समेत समावेश भएको प्रतिवेदन साथै राखी उपकुलपति पदमा नियुक्तिको लागि मुख्यमन्त्री समक्ष सिफारिस गर्नु पर्नेछ ।

## परिच्छेद -३

## <u>विविध</u>

१६. **<u>खर्चसम्बन्धी व्यवस्था</u>** : समिति तथा विज्ञ वा कर्मचारीको बैठक, सूचना प्रकाशन, सचिवालय व्यवस्थापन र यस सम्बन्धमा हुने अन्य प्रशासनिक खर्च विश्वविद्यालयले नियमानुसार भुक्तानी गर्नु पर्नेछ।

१७. **<u>कागजपत्रको संरक्षण</u>** : समितिबाट सिफारिसको कार्य सम्पन्न भएपछि यस सम्बन्धी सम्पूर्ण कागजात, प्रमाण तथा निर्णयहरु विश्वविद्यालयमा सुरक्षित राख्नु पर्नेछ ।

१८. **<u>सचिवालय</u>** : समितिको सचिवालय विश्वविद्यालयमा रहनेछ ।

१९. **<u>कार्यविधिको सिमा</u>** : (१) यो कार्यविधि विश्वविद्यालयको उपकुलपतिको सिफारिस गर्ने प्रयोजनका लागि सिमित रहनेछ ।

(२) यो कार्यविधि विश्वविद्यालय ऐन, नियमसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

२०. **<u>प्रचलित कानून बमोजिम हुने</u>** : यो कार्यविधिमा लेखिएकोमा यसै बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

२१. **<u>व्याख्या गर्ने</u>** : यो कार्यविधिको कार्यान्वयन गर्दा कुनै द्विविधा आइपरेमा समितिले सो विषयमा निर्णय गरी आवश्यक व्याख्या गर्नेछ ।

**अनुसूची - १**

**(दफा ६ को उपदफा (१) को खण्ड (क) सँग सम्बन्धित)**

**दरखास्तको ढाँचा**

श्रीमान् संयोजकज्यू,
गण्डकी विश्वविद्यालय उपकुलपति सिफारिस समितिको सचिवालय,
गण्डकी विश्वविद्यालय, पोखरा ।

**विषयः** दरखास्त तथा कागजात पेश गरेको सम्बन्धमा ।

गण्डकी विश्वविद्यालयको रिक्त उपकुलपति पदमा नियुक्तिका लागि देहायका विवरण तथा कागजात संलग्न गरी यो दरखास्त पेश गरेको छु । उपकुलपतिको पदमा नियुक्तिको लागि आवश्यक पर्ने योग्यता तथा अनुभव मसँग रहेको छ भने नियुक्ति हुदाँका बखत म कुनै राजनीतिक दलको सदस्य नरहने, गण्डकी विश्वविद्यालयसँग मेरो कुनै संस्थागत स्वार्थ नबाझिएको र प्रचलित कानुन बमोजिम यस पदमा नियुक्तिको लागि अयोग्य नभएको स्वघोषणा गर्दै म उपकुलपति पदमा नियुक्तिको लागि सिफारिस भई नियुक्त भएको अवस्थामा प्रचलित कानून बमोजिम इमान्दारीपूर्वक आफ्नो पदीय जिम्मेवारी पूरा गर्ने प्रतिबद्धता समेत व्यक्त गर्दछु ।

१. **विश्वविद्यालयको नामः** गण्डकी विश्वविद्यालय

२. **नियुक्ति हुन चाहेको पदः** उपकुलपति

३. **दरखास्त पेश गरको व्यक्तिकोः**

**(क) व्यक्तिगत विवरणः**

नाम थर (देवनागरी):- ..............................................................................
ENGLISH BLOCK LETTER...............................................................
कार्यरत संस्थाः ........................................... पद .........................................
नेपाली नागरिकताको प्रमाण पत्र नं. ................जारी मितिः .................जिल्लाः............
स्थायी
ठेगानाः.....................................................................................
अस्थायी
ठेगानाः...................................................................................
जन्म मितिः ....................साल....................महिना......................गते
सम्पर्क नम्बरः .............................इमेलः ................................................

**(ख) शैक्षिक योग्यताको विवरणः**

| **क्र.सं.** | **उपाधि** | **विश्वविद्यालय/शिक्षण संस्था** | **उपाधि प्राप्त गरेको साल** | **विषय** | **शीर्षक** |
|---|---|---|---|---|---|
| १. | विद्यावारिधि | | | | |
| २. | स्नातकोत्तर | | | | |

**(ग) प्राज्ञिक क्षेत्रमा अनुभवः (पदाधिकारी भए सो समेत)**

| क.सं. | पद | कार्यरत संस्था | कार्यरत अवधि | | कैफियत |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| | | | | | |
| | | | | | |

**(घ) प्राज्ञिक क्षेत्रमा पुस्तक प्रकाशनः**

| क.सं. | पुस्तकको नाम | ISBN NO | पुस्तकको विधा | प्रकाशक | प्रकाशन मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

**(ङ) सम्पन्न गरिएका प्राज्ञिक अनुसन्धानमूलक परियोजना सम्बन्धी विवरणः**

| क.सं. | परियोजनाको शीर्षक | परियोजना पेश गरको निकाय | अनुसन्धान टोलीको नामावली* | परियोजना सम्पन्न गरको मिति** | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

आवेदकको भूमिका प्रमुख अनुसन्धानकर्ता वा सहायक अनुसन्धानकर्ता के हो? खुलाउनु पर्नेछ ।
**परियोजना पेश गरेको निकायबाट उक्त परियोजना सम्पन्न भएको प्रमाणपत्रको प्रतिलिपि समेत समावेश गर्नुपर्नेछ ।

**(च) प्राज्ञिक अनुसन्धानमूलक लेख प्रकाशन सम्बन्धी विवरण**
Ranked Journals/Proceeding (Scimago Journal Ranking) ***

| क.सं. | लेखको शीर्षक | जर्नलको नाम र अङ्क | अनुसन्धानकर्ताको नाम | प्रकाशक | प्रकाशन मिति | Scimago Rank Q1-Q2 |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

*** For Scimago Rank, Visit: http://www.Scimago Q3-Q4

| क्र.सं. | लेखको शीर्षक | जर्नलको नाम र अङ्क | अनुसन्धानकर्ताको नाम | प्रकाशक र देश | प्रकाशन मिति | Scimago Rank Q3-Q4 or Nepjol |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

*** For Scimago Rank, Visit:http://www.Scimagojr.com

**(छ) प्राज्ञिक क्षेत्रमा अन्य लेख प्रकाशन**

| क्र.सं. | लेखको शीर्षक | जर्नलको नाम र अङ्क | अनुसन्धानकर्ताको नाम | प्रकाशक | प्रकाशन मिति |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**(ज) दरखास्तसाथ पेश गर्नुपर्ने कागजात तथा विवरणः** (उम्मेदवारहरुले देहायबमोजिमका कागजातहरुको प्रतिलिपि आफैंले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।)

१. अनुसूची-१ को ढाँचामा दरखास्त,
२. विश्वविद्यालयको खातामा दरखास्त दस्तुर वापत रु. ३०००।- जम्मा गरेको भौचर,
३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
४. हाल सालैको वैयक्तिक विवरण (Curriculum Vitae) तीन प्रति
५. विद्यावारिधि उपाधि तथा स्नातकोत्तर तहको प्रमाणपत्रहरुको प्रतिलिपि (विदेशी विश्वविद्यालयबाट शैक्षिक उपाधि हासिल गरेको हकमा समकक्षताको प्रमाण पत्रको प्रतिलिपि)
६. प्राज्ञिक क्षेत्रमा पुस्तक लेखी प्रकाशन गरेको भए सो को प्रति,
७. पदाधिकारीको पदमा स्वदेशी वा विदेशी विश्वविद्यालय वा सो सरहका उच्च शैक्षिक संस्था वा निकायको अनुभव हासिल गरेको भए सो खुलेको विवरण तथा प्रमाणको प्रतिलिपि,
८. समकक्ष समिक्षित जर्नल (Peer-Reviewed Journal) तथा Ranked Journal मा प्राज्ञिक क्षेत्रमा अनुसन्धानमूलक लेख प्रकाशन गरेको भए सोको प्रतिलिपि,
९. प्राज्ञिक क्षेत्रमा अन्य लेख प्रकाशन गरेको भए सो को प्रमाण,
१०. प्राज्ञिक अनुसन्धानमूलक परियोजनाहरु सफलतापूर्वक सम्पन्न गरेको भए सोको विवरण तथा प्रमाणको प्रतिलिपि,
११. तीन हजार देखि पाँच हजार शब्दसम्मको मुद्रित (Hard copy) विश्वविद्यालय सुधार सम्बन्धी सोचपत्र (Vision paper) र विश्वविद्यालयको लागि उपकुलपतिको पदावधिको पाँच वर्षे रणनीतिक योजना (Five Years Strategic Plan) ।
१२. प्रचलित कानून बमोजिम सार्वजनिक पदमा नियुक्तिका लागि अयोग्य नभएको र
१३. नियुक्ति हुंदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहने स्वघोषणा पत्र,
१४. विश्वविद्यालयसँग कुनै स्वार्थ नबाझिएको (Conflict of Interest) व्यहोरा खुलेको स्वघोषणा पत्र र
१५. अन्य केही भए सोको विवरण ।

माथि उल्लेख गरेका सबै विवरणहरु साँचो हुन्, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

औंठा छाप

| दाँया | बाँया |
|---|---|
| | |

दस्तखतः ........................................

नाम थरः ........................................

मितिः ........................................

सम्पर्क नम्बरः ........................................

द्रष्टव्यः माथिका विभिन्न महलहरुमा पुष्टयाइ लेख्न ठाउँ अभाव भएमा छुट्टै पानाको प्रयोग गर्न सकिनेछ।

अनुसूची - २

(दफा ८ को उपदफा (३), दफा ९ को उपदफा (१) १० को उपदफा (४) र दफा ११ को उपदफा (८) सँग सम्बन्धित)

**प्राज्ञिक क्षेत्रमा हासिल गरेको अनुभव, पुस्तक तथा लेख प्रकाशन, सोचपत्र तथा रणनीतिक योजना र प्रस्तुतीकरण तथा अन्तर्वार्ताको मूल्याङ्कन**

| क) प्राज्ञिक क्षेत्रमा अनुभव पुस्तक तथा लेख प्रकाशन | अधिकतम अङ्क भार | अङ्क विभाजन र आधार |
|---|---|---|
| (१) पदाधिकारीको पदमा स्वदेशी वा विदेशी विश्वविद्यालय वा सो सरहका उच्च शैक्षिक संस्था वा निकायहरुको अनुभव हासिल गरेको | १० | प्रति वर्ष दुई अङ्कका दरले बढीमा पाँच वर्षको लागि अधिकतम दश अङ्क।<br>द्रष्टव्यः<br>(१) यसरी अङ्क विभाजन गर्दा वर्ष दिनभन्दा कम अवधिको चानचुन महिना तथा दिनको अङ्क गणना हुने छैन ।<br>(२) आफू पदाधिकारी भएको व्यहोरा दरखास्तमा खुलाउनु पर्नेछ । त्यस्तो पद पदाधिकारीको पद भन्ने कानून सहित पेश नगरेको अवस्थामा यस खण्ड बमोजिमको अङ्क प्रदान हुने छैन । |
| (२) प्राज्ञिक क्षेत्रमा पुस्तक प्रकाशन | ६ | (१) ISBN प्राप्त प्राज्ञिक पुस्तक लेखे बापत प्रति पुस्तक दुई अङ्क दरले अधिकतम तीनवटा सम्म,<br>(२) प्राज्ञिक पुस्तक लेखे वापत प्रति पुस्तक एक अङ्कका दरले अधिकतम छ वटा सम्म । |
| (३) समकक्ष समिक्षित जर्नलमा (Peer-Reviewed Journal) तथा Ranked Journal मा प्रकाशित अनुसन्धानमुलक लेख, | ६ | (१) Scimago Journal Ranking को Q-1 देखि Q-2 सम्ममा First author वा corresponding author भए प्रति लेख दुई अङ्क दरले अधिकतम तीन वटा लेखसम्म।<br>(२) Scimago Journal Ranking को Q-1 देखि Q-2 सम्ममा co-author भए प्रति लेख दुई अङ्कको दरले लेखक |

| | | |
|---|---|---|
| | | सङ्ख्याले भाग गरी हुन आउने दामासाही अङ्क ।<br>(३) Scimago Journal Ranking को Q-3 देखि Q-4 सम्ममा वा Nepjol मा First author वा corresponding author भए प्रति लेख वापत एक अङ्कको दरले अधिकतम ६ वटा र co-author भए एक अङ्कमा लेखक संख्याले भाग गरी हुन आउने दामासाही अङ्क । |
| (४) प्राज्ञिक क्षेत्रमा अन्य अनुसन्धानमुलक लेख प्रकाशन | २ | प्राज्ञिक क्षेत्रमा अन्य अनुसन्धानमुलक लेख प्रकाशन गरे वापत First author वा corresponding author भए प्रति लेख शुन्य दशमलव पाँच अङ्कका दरले अधिकतम चारवटा सम्म । |
| (५) प्राज्ञिक अनुसन्धानमूलक परियोजना | ६ | (१) प्राज्ञिक क्षेत्रमा राष्ट्रिय वा अन्तर्राष्ट्रियस्तरको अनुसन्धानमूलक परियोजनामा मूख्य अनुसन्धानकर्ता (PI) भई अनुसन्धान सम्पन्न गरे वापत प्रति अनुसन्धान परियोजना दुई अङ्कका दरले अधिकतम तीन वटा अनुसन्धान परियोजनाको लागि,<br>(२) संयुक्त रुपमा गरिएको अनुसन्धानको हकमा सहायक अनुन्धानकर्ता (Co-PI) भई कुनै अनुसन्धान परियोजना सम्पन्न गरेकोमा प्रति अनुसन्धान परियोजना एक अङ्कका दरले अधिकतम छ वटा परियोजनाका लागि । |
| **ख) सोचपत्र (Vision Paper) तथा रणनीतिक योजना (Strategic Plan)** | **अधिकतम अङ्क भार** | **अङ्क विभाजन र आधार** |
| (१) विश्वविद्यालयको सुधार सम्बन्धी सोचपत्र (Vision Paper) | १५ | विश्वविद्यालयको विद्यमान अवस्थाको विश्लेषण गर्दै प्रदेश एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा यसको प्राज्ञिक विशिष्टता |

| | | |
|---|---|---|
| | | हासिल हुने गरी एक उत्कृष्ट प्राज्ञिक केन्द्र (Centre of excellence) को रुपमा विकास गर्ने सोचपत्र। |
| (२) विश्वविद्यालयको पाँच वर्षे रणनीतिक योजना (Strategic Plan) | १५ | (१) विश्वविद्यालयको विद्यमान अवस्था - दुई अङ्क<br>(२) विद्यमान अवस्थामा देखिएका समस्या सहितको SWOT Analysis- तीन अङ्क<br>(३) विश्वविद्यालयको अन्य विश्वविद्यालयसँगको अन्तरसम्बन्धको विश्लेषण - दुई अङ्क<br>(४) रणनैतिक सुधार गर्नु पर्ने क्षेत्रहरुको पहिचान - तीन अङ्क<br>(५) विश्वविद्यालयको समग्र सुधार रणनीतिक योजना सहितको विवरण - पाँच अङ्क |
| **(ग) प्रस्तुति र अन्तर्वार्ता** | **अधिकतम अङ्क भार** | **अङ्क विभाजन र आधार** |
| (१) सोचपत्र र रणनीतिक योजनाको प्रस्तुतीकरण | २० | मूल्याङ्कन गर्दा यसको पूर्णाङ्कको सत्तरी प्रतिशत भन्दा बढी र चालिस प्रतिशतभन्दा घटी दिँदा कारण खुलाउनु पर्नेछ । बहुमत मूल्याङ्कनकर्ताले त्यस्तो अङ्क दिएकोमा मात्र गणना हुनेछ । सो नभएमा बढी भए सत्तरी र कम भए चालिस प्रतिशत मात्र गणना हुनेछ । |
| (२) अन्तर्वार्ता | २० | अन्तर्वार्ता वापत मूल्याङ्कन गरी अङ्क प्रदान गर्दा यसको पूर्णाङ्कको सत्तरी प्रतिशत भन्दा बढी र चालिस प्रतिशतभन्दा घटी दिँदा कारण खुलाउनु पर्नेछ । बहुमत अन्तर्वार्ताकारले त्यस्तो अङ्क दिएकोमा मात्र गणना हुनेछ । सो नभएमा बढी भए सत्तरी र कम भए चालिस प्रतिशत मात्र अङ्क गणना हुनेछ। |

## अनुसूची - ३
## दफा १० को उदफा (४) सँग सम्बन्धित
## (क)
## विश्वविद्यालयको सुधार सम्बन्धी सोचपत्र मूल्याङ्कनको ढाँचा

गण्डकी विश्वविद्यालयको उपकुलपति पदको लागि सिफारिस समितिबाट मिति २०८२।....।.... गते प्रकाशित सूचना अनुसार यस सिफारिस समितिमा दरखास्त दिएकाहरु मेरो नजिकको नातेदार नपर्ने साथै आवेदकहरुले पेश गरेको विश्वविद्यालयसम्बन्धी सोचपत्र मूल्याङ्कनका क्रममा मेरो कुनै व्यक्तिगत स्वार्थ नरहेको व्यहोरा घोषणा गर्दछु ।

कोडः

विश्वविद्यालय सुधार सम्बन्धी सोचपत्र

| क्र.सं. | मूल्याङ्कनको आधारहरु | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | विश्वविद्यालयको विद्यमान अवस्थाको विश्लेषण गर्दै प्रदेश एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा यसको प्राज्ञिक विशिष्टता हासिल हुने गरी एक उत्कृष्ट प्राज्ञिक केन्द्र (Centre of excellence) को रुपमा विकास गर्ने सोचपत्र। | १५ | | |
| कूल अङ्क | | १५ | प्राप्ताङ्क अङ्कमाः | |
| | | | प्राप्ताङ्क अक्षरमाः | |

विश्वविद्यालयसम्बन्धी सोचपत्रको प्राप्ताङ्कः

अङ्कमाः

अक्षरमाः

मूल्याङ्कनकर्ताको हस्ताक्षरः

नामः

मितिः

**दफा १० खण्ड (४) सँग सम्बन्धित**

**(ख)**

**<u>विश्वविद्यालयको पाँच वर्षे रणनीतिक योजना मूल्याङ्कनको ढाँचा</u>**

गण्डकी विश्वविद्यालयको उपकुलपति पदको लागि सिफारिस समितिबाट मिति २०८२।....।.... गते प्रकाशित सूचना अनुसार यस सिफारिस समितिमा दरखास्त दिएकाहरु मेरो नजिकको नातेदार नपर्ने साथै आवेदकहरुले पेश गरेको विश्वविद्यालय सम्बन्धी रणनीतिक योजना मूल्याङ्कनका क्रममा मेरो कुनै व्यक्तिगत स्वार्थ नरहेको व्यहोरा घोषणा गर्दछु ।

कोडः

विश्वविद्यालय सम्बन्धी रणनीतिक योजना

| क्र.सं. | मूल्याङ्कनको आधारहरु | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | विश्वविद्यालयको विद्यमान अवस्था | २ | | |
| २. | विद्यमान अवस्थामा देखिएका समस्या सहितको SWOT Analysis | ३ | | |
| ३. | विश्वविद्यालयको अन्य विश्वविद्यालयसँगको अन्तर सम्बन्धको विश्लेषण | २ | | |
| ४. | रणनैतिक सुधार गर्नु पर्ने क्षेत्रहरुको पहिचान | ३ | | |
| ५. | विश्वविद्यालयको समग्र सुधार सहितको विवरण | ५ | | |
| | कूल अङ्क | १५ | प्राप्ताङ्क अङ्कमाः | |
| | | | प्राप्ताङ्क अक्षरमाः | |

विश्वविद्यालय सम्बन्धी व्यावसायिक रणनीतिक योजनाको कूल प्राप्ताङ्कः-

अङ्कमाः

अक्षरमाः

मूल्याङ्कनकर्ताको हस्ताक्षरः

नामः

मितिः

## अनुसूची - ४

### (दफा ११ को उपदफा (८) सँग सम्बन्धित)

### सोचपत्र र रणनीतिक योजनाको प्रस्तुतीकरणको मूल्याङ्कनको ढाँचा

गण्डकी विश्वविद्यालयको उपकुलपति पदको लागि सिफारिस समितिबाट मिति २०८२।....।.... गते प्रकाशित सूचना अनुसार दरखास्त दिएकाहरु मेरो नजिकको नातेदार नपर्ने साथै आवेदकहरुले पेश गरेको विश्वविद्यालय सम्बन्धी सोचपत्र र रणनीतिक योजना प्रस्तुतीकरण मूल्याङ्कनका क्रममा मेरो कुनै व्यक्तिगत स्वार्थ नरहेको व्यहोरा घोषणा गर्दछु ।

आवेदकको नामः

| क्र.सं. | मूल्याङ्कनको आधारहरु | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | प्रस्तुतीकरण शैली | ३ | | |
| २. | विश्वविद्यालय सम्बन्धी विषय वस्तुको पूर्णता | ४ | | |
| ३. | सोचपत्रको जानकारी र समावेश भएको विषयवस्तु | ४ | | |
| ४. | रणनीतिक योजना बारेको ज्ञान र कार्यान्वयन ढाँचामा स्पष्टता | ४ | | |
| ५. | तार्किक तथा विश्लेषणात्मक क्षमता | ४ | | |
| ६. | समय व्यवस्थापन | १ | | |
| कूल अङ्क | | २० | कूल प्राप्ताङ्क अङ्कमाः | |
| | | | कूल प्राप्ताङ्क अक्षरमाः | |

मूल्याङ्कनकर्ताको हस्ताक्षरः

नामः

पदः

मितिः

## अनुसूची - ५

### (दफा ११ को उपदफा (८) सँग सम्बन्धित)

### <u>अन्तर्वार्ताको मूल्याङ्कन ढाँचा</u>

गण्डकी विश्वविद्यालयको उपकुलपति पदको लागि सिफारिस समितिबाट मिति २०८२।....।.... गते प्रकाशित सूचना अनुसार दरखास्त दिएकाहरु मेरो नजिकको नातेदार नपर्ने साथै आवेदकहरुले पेश गरेको विश्वविद्यालयसम्बन्धी अन्तिम चरणको अन्तर्वार्ताको क्रममा मेरो कुनै व्यक्तिगत स्वार्थ नरहेको व्यहोरा घोषणा गर्दछु ।

आवेदकको नामः

<table>
<tr><th>क्र.सं.</th><th>मूल्याङ्कनको आधारहरु</th><th>पूर्णाङ्क</th><th>प्राप्ताङ्क</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>प्रस्तुतीकरण शैली</td><td>२</td><td></td><td></td></tr>
<tr><td>२.</td><td>विषय वस्तुको ज्ञान</td><td>६</td><td></td><td></td></tr>
<tr><td>३.</td><td>नेतृत्व क्षमता</td><td>५</td><td></td><td></td></tr>
<tr><td>४.</td><td>समस्या र समाधान गर्ने सक्षमता</td><td>३</td><td></td><td></td></tr>
<tr><td>५.</td><td>विश्लेषणात्मक क्षमता</td><td>३</td><td></td><td></td></tr>
<tr><td>६.</td><td>समय व्यवस्थापन</td><td>१</td><td></td><td></td></tr>
<tr><td colspan="2" rowspan="2">कूल अङ्क</td><td rowspan="2">२०</td><td colspan="2">कूल प्राप्ताङ्क अङ्कमाः</td></tr>
<tr><td colspan="2">कूल प्राप्ताङ्क अक्षरमाः</td></tr>
</table>

अन्तर्वार्ताकारको हस्ताक्षरः

नामः

पदः

मितिः